## ५.(बाली भराई मोही निष्कासनको लागि दिने निवेदनको ढाँचा)

श्रीमान् भूमिसुधार अधिकारीज्यू,
भूमिसुधार कार्यालय, ............................... ।

### विषय :बाली भराई मोही निष्कासन गरी पाऊँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा म/हामी निवेदक .......................................... को नाममा मालपोत कार्यालय, ........................ मा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको देहाय बमोजिमको जग्गामा देहाय बमोजिमका व्यक्ति मोही कायम भै जग्गा कमाई आएको र निजले लगाएको बाली यथास्थितिमा उब्जनी भई रहेको अवस्थामा मलाई बुझाउनु पर्ने कुत वापतको ..................................... आजका मितिसम्म अर्थात् भूमिसम्बन्धी नियमहरु, २०२१ को नियम ४६ बमोजिमको म्याद भित्र नबुझाएको हुँदा मोहीबाट मैले/हामीले प्राप्त गर्न पाउने कुत बुझाउनलगाई निज मोहीलाई निष्काशन समेत गरी पाउनका लागि देहाय बमोजिमको कागजात संलग्न राखी रु. .......।- को टिकट टाँसी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९क को देहाय खण्ड (ग) बमोजिम यो निवेदन पेश गरेको छु/छौं । संलग्न कागज प्रमाण लगायत जो जे बुझ्नु पर्ने बुझी निज मोही ................................ बाट ...................... सालको कुत ................................ वा सो को प्रचलित बजार भाउका दरले हुन आउने रु. ........................।-निजबाट भराई निजलाई मोहीबाट निष्काशन गरी मोहीको लगत समेत कट्टा गरी पाऊँ ।

लेखिएको व्यहोरा ठीक साँचो हो, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. जग्गाको विवरण

| जिल्ला | गा.पा./न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | किसिम/खण्ड | मोहीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. जग्गावालाको विवरण

| जग्गावालाको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं./कार्यालय र मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

३. मोहीको विवरण

| सि.नं. | निवेदकको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं., मिति र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

४. निवेदकको विवरण

| निवेदकको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं./कार्यालय र मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न कागजातहरु :**

(.....) १. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान ..........................................................१
(.....) २. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि थान ................................................१
(.....) ३. जग्गा स्पष्ट हुने ब्लू प्रिन्ट नक्सा/नक्सा ट्रेशको प्रमाणित प्रतिलिपि थान...................१
(.....) ४. चालु आ.व. .................. को मालपोत बुझाएको रसिदको प्रतिलिपि थान ..........................१
(.....) ५. अन्य प्रमाण

**निवेदक**

हस्ताक्षर :
नाम, थर र वर्ष :
ठेगाना :

यो निवेदन म आफैले/निवेदकले भने बमोजिम तयार गरेको हुँ भनी सही गर्ने निवेदक ................................ /व.अधिवक्ता/अधिवक्ता/अभिकर्ता/लेखापढी व्यवसायी/ ............................ प्र.प.नं. ................................................

इति सम्वत् २०.......... साल ............ महिना .......... गते रोज ...... शुभम् ..........................................................................

**नोट** : संलग्न कागजात अन्तर्गत निवेदन साथ पेश भएको कागजकोथानको हकमा कति पाना हुन्छ, सो को संख्या लेख्ने र शुरु भागमा राखिएको ( ) मा पेश भएको कागजको हकमा✓र कागज पेश नभएको हकमा ✕लगाउनु पर्नेछ ।